नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(..........शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :-०७८/०७९
चलानी नम्बर :- ६६९

मितिः२०७९/०७/१५

विषय :- सेवा केन्द्र संचालन अनुमति नविकरण सम्बन्धमा । ।

श्री ग्राफिक मार्ग प्रा.लि.,
भरतपुर, चितवन

तहाँ प्रा.लि. ले मिति ०७९/०३/१९ गते कम्पनीहरुले पेश गर्न सेवा केन्द्रको रुपमा संचालन गर्न सेवा केन्द्र अनुमति नविकरण गरी पाउँ भनि दिएको निवेदनको सम्बन्धमा यस कार्यालयको मिति २०७९/०७/०६ को निर्णयानुसार देहायका शर्तहरु पालना गर्ने गरी कम्पनी निर्देशिका, २०७२ को दफा ९३ तथा कम्पनी (विद्युतीय फाईलिङ्ग) निर्देशिका, २०६९ बमोजिम सेवा केन्द्रको अवधि समाप्त भएको मिति देखि नै लागू हुने गरी थप २ वर्ष सेवा केन्द्र संचालन अनुमति नविकरण गरिएको ब्यहोरा निर्णयानुसार जानकारीको लागी अनुरोध छ ।

तपसिल

१. सेवा केन्द्रलाई अख्तियारी दिएका कम्पनीहरुका मात्र कम्पनी ऐन, २०६३ बमोजिमका विवरणहरु विद्युतिय माध्यमबाट यस कार्यालयमा पेश गर्न सक्नेछ ।
२. आफुलाई अख्तियार प्राप्त भएको विवरण कार्यालयमा पेश गर्नु पर्नेछ ।
३. त्यस सेवा केन्द्रहरुको समय समयमा निरीक्षण गरी आवश्यक निर्देशन कार्यालयले दिनेछ ।
४. कार्यालयले दिएको निर्देशन सेवा केन्द्रले अनिवार्य पालना गर्नु पर्नेछ । पालना नगर्ने सेवा केन्द्रको अनुमति कार्यालयले खारेज गर्न सक्नेछ ।
५. विवरण पेश गर्दा झुठो विवरण पेश गर्नुका साथै अपूर्ण विवरण पेश गरी कुनै कम्पनीलाई हानी नोक्सानी हुन पुगेमा सोको पूर्ण जिम्मेवारी सेवा केन्द्रको हुनेछ । कम्पनी रजिष्ट्रारको कार्यालय जवाफदेही हुने छैन ।
६. अनुमति पाएको सेवा केन्द्रले आफ्नो सेवा केन्द्र मार्फत सेवा लिएका कम्पनीहरुको सूची तयार गरी समय समयमा कार्यालयमा पेश गर्नु पर्नेछ ।
७. सेवा केन्द्र अनुमतिको अवधि २ बर्षको हुनेछ र पुन अनुमति माग गर्दा अवधि भुक्तान भएको १ महिनाभित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।
८. प्रत्येक आ.व. को कर चुक्ता प्रमाण पत्र फर्म नविकरणको ब्यहोरा प्रत्येक वर्षको पौष मसान्तिभत्र कार्यालयमा पेश गर्नु पर्नेछ ।
९. सेवा केन्द्र मार्फत दर्ता हुन आउने कम्पनीहरु दर्ता गर्दा लाग्ने दस्तुर समेत उल्लेख गरी नागरिक वडापत्र तयार पारी केन्द्रमा टाँस गर्नु पर्नेछ ।
१०. कम्पनीहरुको लगानीको श्रोतहरुको पहिचान गरी शंकास्पद लगानी भएको आशंका भएमा यथाशिघ्र सोको जानकारी यस कार्यालयलाई उपलब्ध गराउनु पर्ने ।
११. यस कार्यालयबाट मिति ०७९/०४/०१ गते जारी गरिएको सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा कम्पनी तथा ट्रष्ट सेवा प्रदायकहरुलाई जारी गरिएको निर्देशन, २०७९ अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

दिपकमणि पोखेरेल
सहायक रजिष्ट्रार

फोनः ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@orc.gov.np, URL/Website : www.ocr.gov.np